June 5th, 2024

Wednesday

National News

प्रमुख समाचार:

1. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुद्वारा १७ औं लोकसभा भंग
2. नयाँ दिल्लीस्थित प्रधानमन्त्री निवासमा एनडीए नेताहरुको बैठक
3. ओडिशाका मुख्यमन्त्री श्री नवीन पटनायकद्वारा विधानसभा चुनावमा आफ्नो पार्टीको पराजयपछि राजीनामा पेश
4. वर्ष 2023-24 मा देशमा कुल खाद्यान्न उत्पादन तीन हजार 288 लाख टन भन्दा बढी हुने अनुमान
5. T20 क्रिकेट विश्वकपमा भारतले आज साँझ न्यूयोर्कमा आयरल्यान्डसँग प्रतिस्पर्धा दैं

## 1. LS Dissolved

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले १७ औं लोकसभा भंग गर्नुभएको छ। यसअघि आज दिउँसो बसेको केन्द्रीय मन्त्रिपरिषद्को बैठकले राष्ट्रपतिलाई १७ औं लोकसभा तत्कालै विघटन गर्न सुझाव दिएको थियो।

## 2. Prez – Cabinet Dinner

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राति ८ बजे राष्ट्रपति भवनमा निवर्तमान क्याबिनेट मन्त्रीहरुका लागि विदाई रात्रिभोजको आयोजना गर्नु हुनेछ । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज मन्त्रिपरिषद्सहितको राजीनामा राष्ट्रपति श्रीमती मुर्मुलाई बुझाउनुभएको थियो।

## 3. NDA Leaders Meet

नयाँ दिल्लीस्थित प्रधानमन्त्री निवासमा आज एनडीए नेताहरुको भेटवार्ता भएको छ। बैठकले लोकसभा चुनावमा एनडीएको विजयपछि केन्द्रमा नयाँ सरकार गठनका लागि भावी कार्यदिशाको रूपरेखा तय गरेको थियो। बैठकमा तेलुगु देशम पार्टीका प्रमुख श्री एन चन्द्रबाबु नायडू, जनता दल (संयुक्त) प्रमुख र बिहारका मुख्यमन्त्री श्री नितिश कुमार र लोक जनशक्ति पार्टी (रामविलास) प्रमुख श्री चिराग पासवान साथै एनडीए घटकका अन्य नेताहरू उपस्थित थिए।

## 4. INDIA Leaders Meet

यसैबीच आज साँझ राजधानीमा INDIA गठबन्धन बैठक पनि बस्ने भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेले बैठकमा गठबन्धनका नेताहरूले चुनावी नतिजा र त्यसपछिका रणनीतिबारे छलफल गर्ने बताउनुभएको छ। राजद नेता श्री तेजस्वी यादव पनि INDIA बैठकमा भाग लिन राजधानी आइपुग्नुभएको छ।

## 5. Over All Results

बीजेपी नेतृत्वको एनडीएले आम चुनावमा 292 सीट जितेर पूर्ण बहुमत हासिल गरेको छ। सबै ५४३ लोकसभा सीटको नतिजा घोषणा भइसकेको छ। भाजपाले मात्रै २४० सिट जितेको छ। तेलुगु देशम पार्टीले १६ र जेडीयूले १२ सिट जितेको छ। I.N.D.I.A गठबन्धनले 233 सिट जितेको छ। कांग्रेसले ९९ सिट जितेको छ। समाजवादी पार्टीले ३७ सिट ल्याएको छ भने तृणमूल कांग्रेसले २९ र DMK ले २२ सिट जित्न सफल भएको छ।

## 6. Odisha – CM - Resignation

ओडिशामा, राज्य विधानसभा चुनावमा भाजपाको जितपछि राजनीतिक गतिविधिहरूले गति लिएको छ। यहाँ पार्टीले 147 सिटहरू मध्ये 78 सिट जितेको छ। सत्तारुढ बिजु जनता दल (बीजेडी) ले ५१ सिट जित्यो भने कांग्रेसले १४ सिट र अन्यले ४ सिट जितेको छ। आफ्नो पार्टीको पराजय पछि, बीजेडी प्रमुख र ओडिशाका मुख्यमन्त्री श्री नवीन पटनायकले आज भुवनेश्वरको राजभवनमा राज्यपाल श्री रघुबर दासलाई आफ्नो राजीनामा बुझाउनुभयो।

## 7. Kejriwal Bail Reject

दिल्लीको एक अदालतले कथित मदिरा नीति घोटालामा मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई अन्तरिम जमानत दिन अस्वीकार गरेको छ। अदालतले तिहाड जेल अधिकारीहरूलाई न्यायिक हिरासतमा रहेका श्री केजरीवालको चिकित्सा आवश्यकताहरूको पूर्ण हेरचाह गर्न निर्देशन दिएको छ। उहाँको नियमित जमानत याचिकामा शुक्रबार सुनुवाइ हुने भएको छ ।

## 8. IIT - Mumbai

भारतीय प्रौद्योगिकी संस्थान -आईआईटी मुम्बईले यस वर्ष क्युएस वर्ल्ड युनिभर्सिटी रैंकिंगमा पहिलो भारतीय संस्थानको स्थान हासिल गरेको छ। पहिलो पटक, IIT बम्बई शीर्ष 125 मा परेको छ। संस्थानले ११८ औं स्थान हासिल गरेको छ । संस्थानले गत वर्ष १४९ औं स्थान हासिल गरेको थियो । संस्थानका निर्देशक प्राध्यापक श्री शिरीष केदारेले यसलाई थप सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्राध्यापक, विद्यार्थी र कर्मचारीको सामूहिक प्रयासमा यो उपलब्धि हासिल भएको बताउनुभयो ।

## 9. NCC Conference

राष्ट्रिय क्याडेट कोर-एनसीसीको दुईदिने 'वार्षिक नीति संवाद शिविर' आज नयाँ दिल्लीमा समापन भएको छ। सम्मेलनको उद्देश्य एनसीसीको विस्तार योजनाको प्रगति समीक्षा गर्नु थियो। यस अवसरमा बोल्दै महानिर्देशक, एनसीसी, लेफ्टिनेन्ट जनरल गुरवीरपाल सिंहले युवाहरूलाई प्रेरित गर्न र उनीहरूलाई जिम्मेवार नागरिक बनाउन एनसीसीको अटल प्रतिबद्धता दोहो्याउनुभयो।

## 10. Food Grain Production

सन् २०२३-२४ मा देशमा कुल खाद्यान्न उत्पादन तीन हजार २८८ लाख टनभन्दा बढी हुने अनुमान छ । कृषि मन्त्रालयले सार्वजनिक गरेको अनुमान अनुसार कुल धान उत्पादन एक हजार ३६७ लाख टन हुने बताइएको छ । गहुँको उत्पादन एक हजार १ सय २९ लाख टनभन्दा बढी हुने अनुमान गरिएको छ जुन अघिल्लो वर्षको गहुँ उत्पादनको तुलनामा २३ लाख टनले बढी हो ।

## 11. World Environment Day

आज विश्व पर्यावरण दिवस हो। वातावरणसम्बन्धी चेतना जगाउन र वातावरणीय मुद्दाहरूमा विश्वव्यापी सहयोगलाई प्रोत्साहित गर्न यो दिवस मनाइन्छ। यो संयुक्त राष्ट्र संघको नेतृत्वमा पर्यावरण संरक्षणका लागि सचेतना र कार्यलाई प्रोत्साहित गर्ने विश्वव्यापी कार्यक्रम हो। सन् १९७२ मा स्टकहोममा मानव पर्यावरण सम्मेलनको क्रममा संयुक्त राष्ट्र संघको महासभाले यो दिवस मनाउन थालेको हो। पहिलो विश्व पर्यावरण दिवस 1973 मा मनाइएको थियो। त्यसबेलादेखि, यो हरेक वर्ष जुन 5 मा मनाइने गरिन्छ। विश्व पर्यावरण दिवसको उपलक्ष्यमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले जनतालाई हरियाली विश्व निर्माणका लागि सामूहिक प्रयास गर्न आग्रह गर्नुभएको छ।

यस अवसरमा आयोजित 'एक पेड माँ के नाम' अभियान अन्तर्गत प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको बुद्ध जयन्ती पार्कमा बिरुवा रोप्नुभयो। यो अभियानअन्तर्गत देशभरि करोडौं रूख रोप्ने कार्यलाई जनआन्दोलन बनाउने लक्ष्य राखेको छ। उहाँसँगै केन्द्रीय पर्यावरण मन्त्री श्री भूपेन्द्र यादव र दिल्लीका उपराज्यपाल श्री विनय कुमार सक्सेना पनि उपस्थित हुनुहुन्थ्यो।

## 12. Uttarakhand Bad Weather

उत्तराखण्डको उत्तरकाशी जिल्लामा गएराति सहस्त्रताल पदयात्राका क्रममा प्रतिकूल मौसमका कारण पदयात्रीहरूको २२ सदस्यीय टोली हराएपछि चार पदयात्रीको मृत्यु भएको छ । ६ जनाको उद्धार गरिएको छ भने अरुलाई बचाउने प्रयास जारी छ । राज्य विपद् व्यवस्थापन बल र वन विभागका टोली उद्धार कार्यमा जुटेका छन् ।

## 13. IMD - Weather

मौसम विभागले आगामी सात दिनसम्म उत्तरपूर्वी क्षेत्र, उप-हिमालयन पश्चिम बंगाल र सिक्किममा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना जनाएको छ। विभागले आगामी दुईदेखि तीन दिनसम्म पञ्जाब, हरियाणा-चंडीगढ-दिल्ली, उत्तर प्रदेश र राजस्थानमा मेघगर्जन र धूलोसहित हल्का वर्षाको सम्भावना रहेको जनाएको छ। यसैबीच, आगामी तीनदेखि चार दिनसम्म मध्यप्रदेश, उत्तर प्रदेश, झारखण्ड, पञ्जाब, हरियाणा, राजस्थान र ओडिशामा लूको सम्भावना रहेको छ ।

## 14. ICC Cricket

क्रिकेटमा, भारतले आज साँझ न्यूयोर्कको नासाउ काउन्टी अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा आईसीसी पुरुष T20 विश्वकपको आफ्नो पहिलो समूह चरणको खेलमा आयरल्यान्डको सामना गर्नेछ। खेल भारतीय समय अनुसार बेलुकी ८ बजे सुरु हुनेछ । भारतले सन् २००७ मा भएको टी–२० विश्वकपको उद्घाटन यता उपाधि जित्न सकेको छैन ।